# आर्थिक वर्ष २०७८।७९ को बजेट वक्तव्य

पुचौंडी  नगरपालिका

हाटँ,वैतडी

सुदूरपश्चिम प्रदेश ,नेपाल

**पुचौंडी नगरपालिकाका उपप्रमुख श्री जानकी ऐर बम ज्यू द्वारा प्रस्तुत आर्थिक वर्ष २०७८।७९ को बजेट बक्तव्य**

यस पुचौंडी नगरपालिकाको सम्मानित गरिमामय नवौ नगर सभाका अध्यक्ष ज्यू, नगर सभाका सचिव ज्यू, यस सभामा उपस्थित १० बटै वडाका वडाध्यक्ष ज्यू, नगर कार्यपालिकाका सदस्य ज्यू, नगरसभाका सम्पुर्ण सदस्य ज्यू, यस नगरपालिकामा कार्यरत विषयगत शाखाका प्रमुख एंव अन्य कर्मचारी हरु उपस्थित अन्य राष्ट्रसेवक कर्मचारी हरु, पत्रकार लगायत सम्पुर्ण पुचौंडी बासी दाजु भाई दिदि बहिनि हरुमा पुचौंडी नगरपालिकाको तर्फ बाट न्यानो स्वागत गर्न चाहान्छु ।

नेपालको संविधान जारी भए पश्चात स्थापना भएको स्थानिय सरकार हरुको चार वर्ष पुरा भई पांचौ वर्षमा प्रवेश गरेको छ । यस अवधिमा पुचौंडी नगरपालिकाको तर्फ बाट पनि चार वटा आर्थिक वर्षको बजेट प्रस्तुत भई तीन बटा पुर्ण कार्यान्वयन भई चौथो आर्थिक वर्षको बजेट कार्यान्वयनको अन्तिम चरणमा छ ।यस अवधिमा पुचौंडी बासी जनताका अधिकासं समस्याहरुको सामाधान गर्न नगरपालिका सफल भएको छ । यस नगरपालिकाको सम्मानित नवौं नगरसभा समक्ष पाचौं अर्थात पहिलो कार्यकालको अन्तिम बजेट प्रस्तुत गर्न पाउँदा मैले गौरवान्वित भएको महशूस गरेकी छु ।

नेपालको ईतिहासको बिभिन्न कालखण्डमा भएका राजनितिक परिवर्तन एंव मातृभुमिको रक्षा र लोकतन्त्रको स्थापनाका लागि भएका बिभिन्न आन्दोलनमा आफ्नो प्राणको आहुति गर्ने ति महान शहिदहरुलाई सम्झन चाहान्छु ।

सम्पुर्ण मानब जातिलाई चुनौती दिई रहेको कोरोना भाईरस कोभड-१९ विरुद्धको लडाइमा अफ्नो ज्यानको प्रवाह नगरि अग्र पंतिमा खटिइ नागरिकको सेवामा समर्पित चिकित्सक एंव सम्पुर्ण स्वास्थ्यकर्मिहरु  उच्च प्रशंसा गर्न चाहान्छु । यस रोगका कारण प्राण आहुती गर्नु हुने सम्पुर्ण नागरिक प्रति हार्दिक श्रंदाञ्जली ब्यक्त गर्दछु । संक्रमण संग लडिरहेका नागरिकहरुको सिध्र स्वास्थ्य लाभको कामना गर्दछु ।

अवको प्राथमिकता संविधानले परिकल्पना गरेको सामाजिक न्याय र समाजवादको लक्ष्यमा पुग्न आर्थिक समृद्धिमा केन्द्रित हुनु पर्ने भएकाले हाम्रो लडाई सामाजिक न्याय सहितको समृद्धि आर्जनका लागि अविकास, गरिवी र पछौटेपन विरुद्ध केन्द्रित हुनु पर्ने जरुरी ठानेकी छु ।

अव हामीलाई कुनै पनि बहानामा आर्थिक-सामाजिक विकास, सार्वजनिक सेवा प्रवाह, अनियमितता नियन्त्रण, सुशासन प्रवर्द्धनमा विलम्ब गर्ने सुविधा छैन । त्यसैले " उज्यालो पुचौंडी नगरवासीको चाहाना  : विकास र सम्वृद्धि नगर सरकारको परिकल्पना "भन्ने मूल मान्यतालाई आत्मसाथ गरेर यो बजेट तर्जुमा गरेकी छु ।

**सम्मानित नगरसभाका सभाध्यक्ष महोदय,**

हामी संघीयता कार्यान्यनको पनि चार वर्ष व्यतित गरि सकेका छौ यद्दपि अनेकन चुनौतीहरू रहेका छन् ।यस क्षेत्रमा रहेको भौतिक पूर्वाधारहरुको कमजोर अवस्था, राजश्वको न्यून संकलन तथा खर्चको अनुत्पादक दोहन हाम्रा प्रमुख चुनौतिहरु हुन् । आत्मनिर्भरयुक्त रोजगारी प्रणालीमा अभ्यस्त हुन नसक्नू, कमजोर पुँजी तथा प्रविधिको न्यून उपलब्धता, स्थानीय स्रोत साधनको कुशल परिचालन हुन नसक्नु र अनुत्पादक जीवनशैली यहाँको गरिवी तथा पछौटेपनका प्रमूख चुनौतिहरू हुन् ।

यद्यपि संघीयताको यो नविन अभ्यासले हामीलाई धेरै अवसरहरू पनि दिएको छ । चुनौति र समस्याहरू पहिचान गरी समाधानको उपाय खोज्ने जिम्मेवारी अब हाम्रै काँध माथि रहेको छ । अब चुनौति र समस्याहरुको समाधान गर्नुको विकल्प छैन । अर्थपुर्ण खोज, विश्लेषण र रणनीतिक उपायहरुको अवलम्बन गर्न सकेमा यस नगरपालिकाको समृद्धि हाम्रै पालामा सम्भव रहेको छ । चुनौति र अवसरकाबीच नै समस्याहरुको पहिचान गरी समाधानका उपाय खोज्नु नै हाम्रो विशेष प्राथमिकता हो ।

अहिले नेपालमा लोकतान्त्रिक गणतन्त्र, बहुलबाद, सामाजिक न्यायसहितको समानुपातिक समावेशी प्रतिनिधिमूलक व्यवस्था, मौलिक अधिकार, नागरिक स्वतन्त्रता जस्ता हाम्रा महत्वपूर्ण उपलब्धिहरु संस्थागत हुँदै गइरहेका छन्।संविधानले अंगिकार गरेको तीन तहको शासकीय व्यवस्थाले सिहंदरवारको अधिकार गाउँ गाउँमा स्थापित भइ जनताले सोको प्रत्यक्ष महशुस गरिरहेका छन ।

२०७४ साल असार १४ गते सम्पन्न स्थानीय तहको निर्वाचनबाट यस पुचौंडी नगरपालिकामा समेत स्थानीय सरकार स्थापित भएको भएको थियो। यो सरकारले लगभग चार वर्षको कार्यकाल पुरा गरी सकेको छ। यस अवधिमा आवश्यक नीति नियम एवम् कानूनहरूको र अत्यावश्यक कर्मचारीहरुको अभावका साथै अन्य स्रोत साधनको न्युनताका बीच पनि यस नगरपालिकाले आफ्ना गतिविधिहरु सफलतापूर्वक सञ्चालन गर्‍यो । यसलाई मैले यस पुचौंडी  नगरपालिकाको उपलब्धिको रुपमा लिएकी छु ।

**सम्मानित नगरसभाका सभाध्यक्ष महोदय,**

यो बजेट तथा कार्यक्रमहरुको तर्जुमाको क्रममा हामीले निश्चित प्रक्रियाहरू पुरा गरेका छौं । पहिले वडा समितिले बस्ती भित्रका महिला,दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, सिमान्तकृत, युवा, वालवालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, पिछडीएको वर्ग लगायत सबै वर्ग र समुदायहरूको अर्थपूर्ण सहभागितामा योजनाहरू छनौट गरेको थियो । वडा समितिले छनौट गरेका योजनाहरूलाई स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट प्राप्त बजेट सीमा र मार्ग दर्शनको आधारमा छनौट र प्राथमिकता निर्धारण गरी बडा भेलाबाट अनुमोदन गराएर नगरपालिकालाई उपलब्ध गराएको थियो । यसैको आधारमा नै योजनाहरू छनौट हुनुका साथै बजेटको बाँडफाँड भएका छन् । साथै, वार्षिक बजेट तर्जुमाका लागि योजना तथा कार्यक्रम छनौटमा सामाजिक न्याय, समावेशिता तथा समानुपातिकताको सिद्धान्त अवलम्बन गरिएको छ ।

बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, संघीय तथा प्रदेश सरकारले जारी गरेका नीति, कानून तथा मापदण्डहरू, स्थानीय तहको बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४, संघीय, प्रादेशिक र स्थानीय तहको आवधिक विकास योजना, स्थानीय तहको मध्यकालीन खर्च संरचना, स्रोत साधन, विकासका अन्तरसंबन्धित विषयहरू र नेपाल सरकारले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताबाट सिर्जित दायित्वहरूका साथै संघ र प्रदेश सरकारले अबलम्बन गरेका आर्थिक नीतिहरू आदिलाई आधारको रुपमा लिएकी छु ।

बजेट तथा कार्यक्रम तर्जुमा गर्दा मैले आर्थिक विकास र गरिवी न्युनीकरणमा प्रत्यक्ष योगदान पुर्याउने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने, स्थानीय सहभागिता जुट्ने, स्वयंसेवा गरी परिचालन गर्न सकिने तथा लागत कम लाग्ने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, महिला, बालबालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैंङ्गिक समानता, सामाजिक समावेशीकरण अभिवृद्धि हुने, दीगो विकास, वातावरण संरक्षण तथा सम्बर्धन गर्न सघाउ पुर्याउने र भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुर्याउने विषयहरूलाई प्राथमिकता दिएको व्यहोरा यस सम्मानित नगरसभालाई अवगत गराउन चाहान्छु ।

**सम्मानित नगरसभाका सभाध्यक्ष महोदय,**

समग्रमा आ.ब. ०७८/०७९ को बजेट तथा कार्यक्रम " उज्यालो पुचौंडी नगरवासीको चाहाना : विकास र सम्वृद्धि नगर सरकारको परिकल्पना " भन्ने सोचका साथ तर्जुमा गरिएको छ भने यसले यस नगरपालिकाको सामाजिक, आर्थिक सुचकाङ्क उच्चतम तुल्याउँदै यस नगरपालिकालाई समृद्ध नगरपालिकामा स्तरोन्नती गर्ने लक्ष्य लिएको छ । यस बजेटको उदेश्यहरू निम्न बमोजिम रहेको व्यहोरा म यस सभालाई अवगत गराउन चाहन्छु ।

- आर्थिक क्रियाकलापको विकास र विस्तार गर्ने, आय र रोजगारी वृद्धि गर्ने तथा गरिवी घटाउने ।
- अवसरको सिर्जना, सक्षमता अभिवृद्धि, सामाजिक संरक्षण गर्ने ।
- सवै नगरपालिकावासीलाई गुणस्तरीय सार्वजनिक सेवा उपलब्ध गराउने।
- उत्पादकत्व र उत्पादन वृद्धि गरी आत्मनिर्भर अर्थतन्त्रको निर्माण गर्ने।
- स्थानीय सरकारको अवधारणालाई मुर्तरुप दिई संघीयताको मर्मलाई आम नगरपालिकावासीमा प्रत्याभुति गराउने ।

सम्मानित नगरसभाका सभाध्यक्ष महोदय,

- पुचौंडी बासिको लामो समयदेखिको विधुतको चाहाना लाई सकार गर्न बिधुत प्रशरण लाईन विस्तारको लागि आवश्यक रकम विनियोजन गरेकी छु ।

- अन्तर-पालिका र अन्तर-जिल्ला जोडने सडक निर्माण कार्य लाई यस आवमा पनि निरन्तरता दिइने छ । जस अन्तर्गत हाटँ- गन्ना हाटँ स्लेट खानी हुदै बाझागं जिल्ला जोडने सडक निर्माण कार्यको लगि आवश्यक रकम विनियोजन गरेकी छु ।
- नगरपालिकाको मुख्य प्रशासनिक भवन निर्माणकार्यको निरन्तरताका लागि आगामी आ.ब.मा पनि आवश्यक रकम विनियोजन गरेकी छु ।
- समाजमा रहेका विपन्न ,असाहाय, महिला ,दलित,बालबालिका ,एकल महिला, लैङ्गिक,सामाजिक,आर्थिक रुपमा पछि परेका नागरिक हरुको जिवनस्तर उकास्न आवश्यक सिप विकास तालिम जनचेतना गोष्ठीको संचालन गर्न आवश्यक रकम विनियोजन गरेकी छु ।
- कृषि उत्पादन र उत्पादकत्व अभिवृद्धि गरि बजारिकरण र व्यवसायीकरण गर्न चालु आ.व.मा पनि सामुहिक कृषि प्रणाली पकेट विकास कार्यक्रम लाई निरन्तरता दिइनेछ । जसको लागि आवश्यक रकम विनियोजन गरकी छु ।
- लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि ज्यानको आहुति गर्ने ति माहान शहिद हरुको सम्मान गर्दै शहिदका छोरा छोरी लाई प्राविधिक उच्च शिक्षा अध्यनका लागि छात्रवृति दिनको लागि आवश्यक रकम विनियोजन गरेकी छु ।
- हाम्रो इतिहासका ज्युदा धरोहरका रुपम रहेका जेष्ठ नागरिक हरुको सम्मानमा “मेयर संग जेष्ठ नागरिक कर्यक्रम सचालन गरिनेछ । जसअन्तर्गत उनिहरुको निशुल्क स्वास्थ्य उपचार

लगायतका कार्यक्रम हरु समावेश गर्न आवश्यक रकम विनियोजन गरेकी छु ।

- बिगत आ.व. देखी यस नगरपालिकामा चिकित्सकको आगमनले यस नगरपालिका नागरिक हरुले धेरै राहातको अनुभुति गरेपनि आवश्यक स्वास्थ्य उपकरणको अभावमा थप सेवा विस्तार गर्न नसकेको सन्दर्भलाई मध्यनजर गर्दै आगामी आ.व.मा भिडियो एक्सरे लगायतका सेवा विस्तारको लागि आवश्यक बजेट विनियोजन गरेकी छु ।
- भविष्यको कर्णाधार युवा पुस्ता भित्र गुम्सेर रहेका प्रतिभाहरुको पहिँचान गर्न "उपमेयरको प्रोत्साहः युवा पुस्ता लाई सम्मान" भन्ने नारा सहित प्रतिभा पहिचान कार्यक्रम २०७८ का लागि आवश्यक बजेट वजेट विनियोजन गरेकी छु ।
- सुनौला हजार दिनका नव शिशु हरुको पोषणमा टेवा पुर्याउने हेतुले संचालित उपमेयरको कोषेली कार्यक्रम लाई आगामी आ.व.मा पनि निरन्तरताका दिनको लागि आवश्यक बजेट विनियोजन गरेकी छु ।
- नगरपालिका क्षेत्र भित्र रहेका नदिहरुबाट ढुंगा, गिट्टि, वालुवा, उत्खन्न गर्ने कार्यलाइ दिगो विकासको सिद्वान्त अनुसार उत्खन्न गर्न प्रारम्विक वातवरणिय परिक्षण (IEE) गर्न आवश्यक रकम विनियोजन गरेकी छु ।
- नगरपालिका भित्र न्युन तलबमानमा कार्यसमपादन गर्दै आएका कर्मचारी हरुको मनोबल उच्च गर्न खाइपाई आएको तलवमा मासिक रु. १,०००। थप गर्ने गरि बजेट विनियोजन गरेकी छु ।

**सम्मानित नगरसभाका सभाध्यक्ष महोदय,**

नेपालमा योजनावद्ध विकासको शुरूवात भएको छ दशकभन्दा बढी भइसकेको छ। विगतमा योजनावद्ध विकासको फलस्वरुप विकासका विविध आयामहरूमा सकारात्मक परिवर्तनहरू आएका छन् । नेपालले संघीय शासन प्रणाली अवलम्बन गरे संगै गाउँमा आउने अनुदान रकम बृद्धि भएर भौतिक पूर्वाधार विकास, सामाजिक विकास, मानव विकास र दिगो विकाससंग सम्बन्धित कार्यक्रमहरू स्थानीय स्तरबाटै सञ्चालन गरिएका छन् । आर्थिक वर्ष २०७७/७८ मा यस नगरपालिकाले आर्थिक, सामाजिक, पूर्वाधार, वन, वातावरण तथा विपद् व्यवस्थापन र सुशासन तथा संस्थागत विकासको क्षेत्रमा धेरै कार्यहरूको थालनी गरेका छ। यी मध्ये धेरैजसो ठूला साना भौतिक पूर्वाधारजन्य विकासका कामहरू, प्रवर्द्धनात्मक कार्यक्रमहरू, तालिम तथा क्षमता विकासका कामहरू सम्पन्न भएका छन् ।

**सम्मानित नगरसभाका सभाध्यक्ष महोदय,**

अब म यस गरिमामय सभा समक्ष आर्थिक वर्ष २०७८/०७९ को बार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

आर्थिक वर्ष २०७८/७९ को लागि यस नगरपालिकामा विभिन्न स्रोतहरूबाट प्राप्त हुने गरी जम्मा रू.६१ करोड १३ लाख ९९ हजार बजेट बिनियोजन गरेकी छु ।कुल बिनियोजित बजेट मध्ये शर्शत अनुदान बाहेको रकम मध्ये बाट सामाजिम विकास अन्तर्गत रु. ५ करोड ,आर्थिक विकास अन्तर्गत रु.१ करोड , पुर्वाधार बिकास अन्तर्गत रु. १३ करोड , वन तथा वातावरण अन्तर्गत रु. १ करोड र सुशासन तथा संस्थागत सेवा प्रवाह अन्तर्गत रु. ७

करोड बिनियोजन गरेकी छु । विनियोजित बजेटको स्रोत विश्लेषण गर्दा संघीय सरकार सामानिकरण अनुदान बाट रु. १२ करोड ४३ लाख,संघीय सरकार राजस्व बाडँफाडँ बाट रु. १० करोड ३५ लाख ५ हजार , प्रदेश सरकार सामानिकरण बाट रु. ८८ लाख ९९ हजार, प्रदेश सरकार राजस्व बाडँफाडँ बाट रु. २१ लाख १९ हजार नगरपालिकाको अनुमानित आन्तरिक आम्दानी रु. ७० लाख र आ. ब. ०७७/०७८ को बिनियोजित बजेटबाट खर्च हुन नसकि अ.ल्या. गरिएको अनुमानित रकम रु. २ करोड ५० लाख र शर्शत अनुदान रु. ३४ करोड १३ लाख ७६ हजार रहेको छ ।

कुल विनियोजित रकम मध्य रू. ५ करोड ५५ लाख वडा कार्यालयबाट तर्जुमा गरिएका पुजिँगत योजना तथा कार्यक्रमहरुमा खर्च गर्ने गरी बिनियोजित गरेकी छु । यसैगरी वडा कार्यालयको चालु तर्फ १० वटै वडाहरुमा खर्च हुने गरी रु. ५० लाख रहेको छ भने पुजीँगत तर्फ प्रत्येक वडा कार्यालयहरुलाइ जनसंख्या र भुगोल आधारमा रु.५० लाख ,रु.५५ लाख र रु. ६० लाख दरले बिनियोजित गरेकी छु ।

**सम्मानित नगर सभाका सभाध्यक्ष महोदय,**

यस नगरपालिकालाई प्राप्त सिमित स्रोतहरूबाट बस्तीस्तर हुँदै वडाहरूबाट नगरपालिकामा आएका आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, संस्थागत विकास, सेवा प्रवाह र सुशासन र वातावरण तथा विपत व्यवस्थापनसंग सम्बन्धित सबै आयोजनाहरूलाई संबोधन गर्न नसकिएको सन्दर्भमा यी आयोजनाहरूलाई क्रमशः अर्को

वर्षमा समावेश गरिनुका साथै नगर गौरव योजनाहरूका लागि प्रदेश सरकार र संघीय सरकार समक्ष माग गरिने व्यहोरा अनुरोध गर्दछु ।

**सम्मानित नगरसभाका सभाध्यक्ष महोदय,**

नेपालको संविधानले व्यवस्था गरेको स्थानीय तह कार्यान्वयनमा आए संगै यो नगरपालिका भोक, रोग, गरिवी, पछौटेपन र आर्थिक समाजिक विभेद विरुद्धको संघर्ष र समृद्धि प्राप्तिको चरणमा प्रवेश गरेको छ । यो प्रयास सफल पार्नका लागि सम्पुर्ण नगरपालिकावासीहरु एउटै मञ्चमा आबद्ध हुनुपर्ने अवस्था आएको छ। लोकतान्त्रिक मुल्य मान्यतामा आधारित समाजबाद उन्मुख अर्थतन्त्र स्थापना गर्न अव सामाजिक आर्थिक क्षेत्रमा फड्को मार्नै पर्ने बेला भएको छ ।

यो बजेट कार्यान्वयनले नगरपालिकामा न्यायपूर्ण सामाजिक विकास संगै समृद्धिको नयाँ ढोका खोल्नेछ । यस बजेटले स्थानीय स्तरमा आत्मनिर्भर अर्थतन्त्रको विकास गर्दै सामाजिक विकासलाई पनि दरिलो तुल्याई समृद्ध नगरपालिका निर्माणका लागि आधार तय गर्ने विषयमा नगरपालिका आशावादी छ ।

स्थानीय सरकार संग नगरपालिकाबासीका आकांक्षा पनि असिमित छन। सिमित स्रोतका बीचबाट नागरिकका असिमित आवश्यकता पुरा गर्ने विषय निश्चय नै चुनौतीपुर्ण विषय हो । तथापि नगरपालिकाबासी आम जनसमुदाय, राजनैतिक दलको रचनात्मक सहयोग र सद्भाव भएमा यी चुनौतिका वीचमा अवसरका अनेकन संभावना छन् भन्ने कुरामा नगरपालिका विश्वस्त छ ।

अन्त्यमा, यो बजेट तर्जुमा गर्दा मार्ग निर्देशन प्रदान गर्नु हुने नगरपालिकाका नगर प्रमुख ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, वडा अध्यक्षज्यूहरू, नगरसभाका सदस्यज्यूहरू, स्थानीयस्तरमा क्रियाशील राजनीतिक दलहरू, समाजसेवी बुद्धिजिवीहरू,नगर कार्यपालिकाको कार्यालयका सम्पूर्ण कर्मचारीहरु लगायत सम्पूर्ण नगरपालिकाबासी दाजुभाइ तथा दिदीबहिनीहरु प्रति विशेष धन्यवाद दिन चाहन्छु । " उज्यालो पुर्चौंडी नगरवासीको चाहाना : विकास र सम्वृद्धि सरकारको परिकल्पना " भन्ने यस नगरपालिकाको नारालाई सार्थक बनाउन सवै नगरपालिकाबासीको रचनात्मक सहयोगको आशा गरेकी छु ।

जानकी ऐर(बम)

नगर -उपप्रमुख

पुर्चौंडी नगरपालिका

मितिः २०७८/०३/१०